साँगुरीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भेडेटार, धनकुटा

१ नं. प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०९/१४

यस कार्यालयको आ.व. २०७५/०७६ को तपशीलमा उल्लेखित विवरण भएको स्वीकृत कार्यक्रम अनुसार शिलबन्दी दरभाउपत्रको माध्यमबाट निर्माण कार्य गर्नुपर्ने भएकोले इच्छुक निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. शिलबन्दी दरभाउपत्र फारम यस कार्यालयको योजना शाखाबाट सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र रु. १,०००/- (फिर्ता नहुने गरि) तिरि रसिद साथ निवेदन दिई चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कालो सूचीमा नपरेको लिखित घोषणा पत्र र अन्य कागजातहरु साथ शिलबन्दी दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले निवेदन दिई फारम खरिद गर्न सकिनेछ । बिक्री भएका शिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सोहि दिन २:०० बजे यस कार्यालयमा विभिन्न कार्यालयहरुका प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । शिलबन्दी दरभाउपत्र खोल्ने दिन शिलबन्दी दरभाउपत्रदाताहरुको प्रतिनिधीहरु अनुपस्थित भएमा पनि शिलबन्दी खोल्न बाधा पर्ने छैन ।

२. शिलबन्दी दरभाउपत्र फारम साथ कबोल अंकको २.५% ले हुन आउने रकम यस कार्यालयको नाममा खोलिएको नेपाल बंगलादेश बैंक साँगुरीगढी शाखा भेडेटारमा रहेको धरौटी खाता नं. ०५२०००९२१ मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ९० दिनको म्याद भएको जमानत (वीडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्ने छ ।

३. शिलबन्दी दरभाउपत्र फारम खरिद गर्दा कार्यालयको आधिकारिक व्यक्तिको दस्तखत, कार्यालयको छाप लागेको छ छैन हेरि खरिद गर्नु पर्नेछ । दस्तखत तथा कार्यालयको छाप नभएको शिलबन्दी दरभाउपत्र फारम उपर कुनै मान्यता हुने छैन ।

४. शिलबन्दी दरभाउपत्र फारम बिक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम गरिनेछ।

५. शिलबन्दी दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

६. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका शिलबन्दी दरभाउपत्रहरु मान्य हुने छैन ।

७. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून अनुसार हुनेछ ।

८. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि शिलबन्दी दरभाउपत्रदाताले कबोल गरेको अंकको थप २.५% रकम माथि बुँदा नं. २ मा उल्लेखित खातामा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको नियमानूसारको म्याद राखी जारी गरेको बैंक जमानत पत्र पेश गर्नुपर्नेछ ।

९. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । थप अन्य कुराहरु बुझ्नु परेमा कार्यालयको वेभ पेज www.sangurigadhimun.gov.np मा हेर्न र ०२५४००५८ मा सम्पर्क गर्न सकिनेछ ।

१०. कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनुपर्नेछ । शिलबन्दी दरभाउपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ ।

११. शिलबन्दी दरभाउपत्र सम्बन्धी कामको विस्तृत विवरण

| सूचना नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टिन्जेसि बाहेक) | धरौटी रकम | फारम दस्तुर फिर्ता नहुने गरि |
|---|---|---|---|---|
| ०८/२०७५-७६ | कोलबोटे गोलखाडी माहाभारत केराबारी सडक मर्मत कार्य | ५,३४,२४९।८६ | कबोल अंकको २.५% | रु. १,०००/- |

प्रमुख प्रशासकीय अधिकृत